# नेपाल बार एशोसिएशन
## महिला समिति

२०७४/०४/११

**श्री अध्यक्षज्यू**
**सर्वोच्च अदालत बार एशोसिएशन**
**सम्पूर्ण उच्च अदालत बार एशोसिएशन**
**सम्पूर्ण जिल्ला अदालत बार एशोसिएशन**
**तथा**
**सम्पूर्ण कानुन व्यवसायी महिला समितिहरू ।**

विषय :- **कानुन व्यवसायी महिलाहरूको २६ औं राष्ट्रिय सम्मेलन सम्बन्धमा ।**

महोदय,

नेपाल बार एशोसिएशनद्वारा आयोजना हुन लागेको कानुन ब्यवसायी महिलाहरूको २६ औं राष्ट्रिय सम्मेलन यस वर्ष मिति २०७४ भाद्र १६ र १७ गते सिन्धुली जिल्ला अदालत बार एशोसिएशनको आतिथ्यतामा सिन्धुलीमा सञ्चालन गर्ने निर्णय भएको जानकारी गराउँदछौं ।

सम्मेलनमा निम्नानुसारका अलग/अलग शीर्षकमा कार्यपत्र प्रस्तुत भई गहन छलफल हुने कार्ययोजना रहेको जानकारी गराउँदछौं ।

कार्यपत्रको विषयवस्तु :-

क) संविधान कार्यान्वयनका लागि लैंगिक दृष्टिकोणबाट आवश्यक कानुनहरू (संशोधन गर्नुपर्ने या नयाँ बनाउनुपर्ने)
   (१) महिलाको रोजगारी सम्बन्धी हक,
   (२) महिलाको स्वास्थ्य सम्बन्धी हक,
   (३) महिलाको शिक्षा सम्बन्धी हक,
   (४) कानुनी सहायताको हक (कानुनी सहायतामा कानुन व्यवसायी महिलाको भूमिका),
   (५) नागरिकता सम्बन्धी हक,

ख) स्थानीय तह सञ्चालन सम्बन्धी न्यायिक समितिको प्रभावकारी कार्यान्वयनमा कानुन व्यवसायीको भूमिका ।

ग) कानुन व्यवसायी महिलाको पेशागत अवस्था, चुनौती र अवसरहरू ।

सम्मेलनका कार्यपत्रहरू नेबाएद्वारा प्रकाशित हुने न्यायदूत मार्फत प्रकाशित गरी न्यायदूत नै सम्मेलनमा वितरण गर्ने कार्ययोजना रहेकोले तोकिएको मिति पश्चात प्राप्त हुने कार्यपत्र समावेश गरिने छैन ।

कार्यपत्र निम्न ढाँचा र प्रक्रिया पुरा गरी लेखेको हुनुपर्नेछ ।

- कार्यपत्र ३००० देखि ३५०० शब्दमा नबढाई लेखिएको हुनुपर्नेछ ।
- कार्यपत्र प्रीति फन्टको १६ साईजको हुनुपर्नेछ ।
- कार्यपत्रलाई निम्नानुारको उपशीर्षकमा विभाजन गरी तयार पारेको हुनुपर्नेछ ।
  (क) परिचय (कार्यपत्रले समेटेका कुरा छोटकरीमा) ।
  (ख) पृष्ठभूमि ।
  (ग) समस्या (मुल समस्या के हो ?)/मुल सवाल ।
  (घ) विषयवस्तुको सान्दर्भिकता तथा अन्य मुलुकको छोटकरीमा तुलनात्मक रूपमा विवेचना ।
  (ङ) सुझाव ।
  (च) निष्कर्ष ।
  (च) सन्दर्भ सामग्री सूची तथा पाद टिप्पणी ।
- कार्यपत्र विश्लेषणात्मक र अनुसन्धानात्मक रूपमा लेखिएको हुनुपर्नेछ ।
- अन्यत्र प्रस्तुत गरिसकेको कार्यपत्रलाई स्वीकार गरिने छैन ।

उल्लेखित कार्यपत्र अनुसन्धानात्मक विधिको प्रयोग गरि प्रिति फन्टमा टाइप गरि भाद्र १ गतेभित्र नेबाएमा ईमेल neba@wlink.com.np मा पठाउनु पर्नेछ । ईमेलमार्फत प्रेषित कार्यपत्रहरू प्राप्त भएको पुष्टि अनिवार्य रूपमा लिनुपर्नेछ । निर्धारित समयभन्दा पछि प्राप्त भएको कार्यपत्रहरूलाई समावेश गर्न सकिने छैन ।

सम्मेलनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यस विषयमा पूर्ण जानकारी प्रदान गर्ने गरी सम्बन्धित बारको आ–आफ्नो सूचना पाटीमा समेत यो सूचना टास गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

अधिवक्ता उषा मल्ल पाठक
अध्यक्ष
महिला समिति